# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, फागुन २४ गते २०४४ साल (संख्या ४६


## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी चिकित्सा शास्त्र अध्ययन संस्थानको हेल्थ लर्निङ मेटेरियल प्रोजेक्टलाई सेभ द चिल्ड्रेन फण्ड यू.के. बाट उपहारस्वरूप प्रदान गरिने सिंगापुर डलर १८,६२४।– मूल्य बराबरको कम्प्युटर र सो को सरसामानहरूको पैठारीमा लाग्ने भन्सार महसुल र बिक्रीकर पूर्णरूपले छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी वीर अस्पतालको लागि जर्मन–नेपाल सहयोग संघ प. जर्मनीबाट उपहारस्वरूप प्रदान हुने डी. एम्. १,०१३।८८ मूल्य बराबरको डाक्टरी सामानहरूको पैठारीमा लाग्ने भन्सार महसुल तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,

ईश्वरकुमार श्रेष्ठ

उपसचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।